# छायाको पछिपछि

-चंकी श्रेष्ठ

मलाई बाटो देखाउँदै
मेरो अघिअघि हिँड्दैछ मेरो छाया
मानौ छाया म हुँ
र, म उसको छाया हुँ ।

उभिएको छु समयको एउटा यस्तो संघारमा
जहाँ वस्तुको प्रतिनिधित्व गर्छ उसको छायाले
जहाँ छाया होइन
वस्तु नै बनिदिन्छ छायाको प्रतिबिम्ब
जब जब गतिहीन हुन्छ छाया
वस्तु पनि भइदिन्छ एकाएक गतिहीन ।

एक जुग भो
बनाएर मलाई निमित्त नायक
मेरो नाममा एउटा मायावी खेल खेल्दैछ मेरो छाया
र, विस्थापित गर्दैछ मलाई मेरो ब्रह्मबाट
मिथ्या राजनीतिको वायुपंखी घोडा चढेको
कुनै जनप्रतिनिधिले जस्तै
हिँडाउँदैछ मलाई जिन्दगीको उल्टो दिशामा
जब जब चाल्न चाहन्छु पाइला विवेकको
ऊ छेक्छ मेरो बाटो
र, थाकेर जब सुस्ताउन चाहन्छु
जबर्जस्ती ऊ तान्छ मलाई
जसरी तानिन्छ धापमा फसेको गाडीलाई ।

मलाई बाटो देखाउँदै
मेरो अघिअघि हिँड्दैछ मेरो छाया
मानौ छाया म हुँ
र, म उसको छाया हुँ ।

# अब सत्यलाई पनि
# साक्षी चाहिएको छ

-चंकी श्रेष्ठ

अब सत्यलाई पनि
सत्य सावित हुन साक्षी चाहिएको छ
घामलाई घाम हुन
जूनलाई जून हुन
आकाशलाई आकाश हुन साक्षी चाहिएको छ

यद्यपि दूर क्षितिजबाट ओर्लिएको घामको उज्यालोसँगै
जिन्दगीको शाश्वत सत्यको खोजीमा हिँडिरहेका छन् मान्छेहरू
तर सत्यकै अस्तित्वमा  प्रश्न पनि उठाइरहेका छन्
यद्यपि सत्य हुनुको सबुद निहित हुन्छ सत्यसँगै
जसरी घाम हुनुको सबुद घामसँगै निहित हुन्छ

अब कविताले मात्र
कविलाई कवि सावित गर्न सक्दैन
अब कविलाई कवि हुन
गायकलाई गायक हुन
मान्छेलाई मान्छे हुन पनि साक्षी नै चाहिएको छ

यद्यपि साक्षीले धेरैपल्ट फेरिदिएको छ सत्यको परिभाषा
साक्षीले धेरैपल्ट फेरिदिएको छ सत्यको रङ
साक्षीकै कारण धेरैपल्ट बन्दी भएको छ सत्य
अब सत्य नै साक्षीको खल्तीको रूमाल भएको छ

ΔΔΔΔΔΔΔΔΔΔΔΔΔΔ